# जगरनाथपुर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## जगरनाथपुर, पर्सा

### मधेश प्रदेश,(नेपाल)

## करार सेवामा पशु चिकित्सक पदपूर्ति सम्बन्धि सुचना |

***प्रथम पटक प्रकाशित मिति : २०८२/०९/१४ गते सोमवार***

नेपाल सरकारको स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८२ बमोजिम पशु चिकित्सक पदमा प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त आह्वान गरिएको छ ।

<u>तपसिल</u>

| क्र.स. | विज्ञापन नं. | पद/तह | माग संख्या | सेवा, सुविधा | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|
| १. | ११/२०८२/०८३ | पशु चिकित्सक/छैठो | १ (एक) | कार्यविधिमा उल्लेख भए बमोजिम | १०००/- |

**१. आवश्यक न्यूनतम योग्यताः**

- पशु विज्ञान (पशु चिकित्सक) तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सक विषयमा B.V.Sc & AH / B.V.Sc वा सो सरहको स्नातक तह उत्तिर्ण भई नेपाल पशुचिकित्सा परिषदमा दर्ता भएको ।
- प्रचलित कानून बमोजिम अयोग्य नभएको ।
- दरखास्त दिने अन्तिम मिति सम्म पुरुषको हकमा कम्तीमा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा २१ वर्ष उमेर पुरा भइ ४० वर्ष ननाघेको ।

**२. दरखास्त पेश गर्ने स्थानः** श्री कृषि तथा पशुपन्छी सेवा केन्द्र, जगरनाथपुर गाउँपालिका वडा नं. ५ मसिहानी पर्सामा दरखास्त पेश गर्न सकिनेछ ।

**३. दरखास्त दिने अन्तिम मितिः** २०८२/०९/२८ गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट सम्म दरखास्त दिन सकिनेछ ।

**४. दरखास्तको साथ पेश गर्नुपर्ने कागजातः** नागरिकता प्रमाणपत्रको प्रतिलिपि, न्यूनतम शैक्षिक योग्यता, नेपाल पशुचिकित्सा परिषदमा दर्ता भएको, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपिहरु उम्मेदवार आफैले प्रमाणित गरी दरखास्त फारममा संलग्न गर्नु पर्नेछ ।

**५. दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः** तोकिएको दरखास्त दस्तुर एन.आई.सी. एसिया बैंक जगरनाथपुर शाखामा रहेको यस गाउँपालिकाको आन्तरिक राजस्व खाता नं., *ग.१.१ आन्तरिक राजस्व खाता जगरनाथपुर,खाता नं. २३१२०५०००४८८०००७* मा जम्मा गरि सक्कलै भौचर पेश गर्ने ।

**६. परीक्षाको किसिमः** लिखित परीक्षा र अन्तर्वार्ता ।

**७. परीक्षाको मिति, समय र स्थानः** दरखास्त पेश गर्ने अन्तिम मितिबाट ७ (सात) दिन भित्र संक्षिप्त सूची प्रकाशन गरिनेछ । साथै लिखित परीक्षा र अन्तर्वार्ता हुने मिति, समय र स्थान सोही दिन तोकिनेछ ।

**८. कार्यविवरणः-** स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि, २०८२, अनुसार गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ ।

**९. दरखास्त फारमः** श्री कृषि तथा पशुपन्छी सेवा केन्द्र, जगरनाथपुर गाउँपालिका वडा नं. ५ मसिहानी र यस पालिकाको वेबसाईट www.jagarnathpurmun.gov.np बाट पनि प्राप्त गर्न सकिन्छ ।

**१०. सम्पर्क व्यक्ति र नं. :-** असहद आलम गदी ९८१४२७३१९६,९७६२८०३२५२

**प्रमुख प्रशासकीय अधिकृत**